यो आकाशवाणी हो

समाचार वन्दना राईबाट सुन्नुहोस् । 10.10.2026

---

मुख्य समाचार

- आज जन्तर मन्तरमा CJP द्वारा गरिएको विरोध प्रदर्शनको आह्वानलाई मध्यनजर गर्दै, सार्वजनिक सुरक्षा सुनिश्चित गर्न दिल्ली प्रहरीले नयाँ दिल्ली क्षेत्रमा व्यापक सुरक्षा व्यवस्था मिलाएको छ।
- रक्षामन्त्री राजनाथ सिंहले आधुनिक युद्धकला र विश्व सुरक्षा व्यवस्थामा आइरहेका ठूला परिवर्तनहरूका बीच, भारतले आफ्नो छिमेक र त्यसभन्दा बाहिरका घटनाक्रम तथा तिनका रणनीतिक प्रभावहरूको नजिकबाट निगरानी गरिरहेको आज बताउनुभयो ।
- प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय गृहमन्त्री अमित शाहले महालयाको अवसरमा देशवासीलाई शुभकामना व्यक्त गर्नुभएको छ।
- पुरुष क्रिकेटमा, भारतले भोलि इन्दौरको होल्कर स्टेडियममा वेस्ट इन्डिजको सामना गर्नेछ। मैच साँझ 7 बजे शुरु हुनेछ ।

---

संयुक्त राष्ट्र - भारतीय सांसद

भारतले संयुक्त राष्ट्रसंघमा जम्मु र कश्मीरबारे झूट र भ्रम फैलाएको भन्दै पाकिस्तानको कडा आलोचना गरेको छ र यो केन्द्र शासित प्रदेश भारतको अभिन्न तथा अविभाज्य अंग रहिआएको र सधैं रहने कुरामा जोड दिएको छ। न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको महासभाको चौथो समितिमा उपनिवेशवाद अन्त्यसम्बन्धी छलफलका क्रममा भारतले आफ्नो 'जवाफ दिने अधिकार' को प्रयोग गरेको हो।

सांसद महिमा कुमारी मेवाड़ले पाकिस्तानका प्रतिनिधिको भनाइको जवाफ दिइन्। मेवाड़ले पाकिस्तानको अवैध कब्जामा रहेका क्षेत्रहरूमा मानव अधिकार उल्लंघनका घटनाहरूबारे पनि प्रकाश पारिन् र इस्लामाबादलाई यस स्थितिको सम्बोधन गर्न आग्रह गरिन्।

---

चेन्नई - प्रधानमन्त्रीको भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि चेन्नईको भ्रमण गर्दै पूनमल्ली र वडापलानी बीच 14.5 किलोमिटर लामो मेट्रो रेल सेवाको उद्घाटन तथा लोकार्पण गर्ने कार्यक्रम छ। सोही

कार्यक्रममा उहाँले भिडियो कन्फरेन्स मार्फत पाँचवटा 'अमृत भारत' स्टेशनहरूको पनि उद्घाटन गर्नेछन्। तमिलनाडुका मुख्यमन्त्री सी. जोसेफ विजय पनि चेन्नईमा हुने प्रधानमन्त्रीको कार्यक्रममा उपस्थित हुनुहुनेछ ।

---

राजनाथ सिंह - 'तरंग शक्ति' अभ्यास

रक्षामन्त्री राजनाथ सिंहले आधुनिक युद्धकला र विश्व सुरक्षा व्यवस्थामा आइरहेका ठूला परिवर्तनहरूका बीच, भारतले आफ्नो छिमेक र त्यसभन्दा बाहिरका घटनाक्रम तथा तिनका रणनीतिक प्रभावहरूको नजिकबाट निगरानी गरिरहेको आज बताउनुभयो। जोधपुर वायुसेना स्टेशनमा आयोजित 'तरंग शक्ति 2026' अभ्यासलाई सम्बोधन गर्दै उहाँले 'आत्मनिर्भर भारत' को दृष्टिकोणबाट निर्देशित भई भारतीय सशस्त्र बलको संरचना, क्षमता र रणनीतिक दृष्टिकोणमा आधारभूत परिवर्तन भइरहेको बताउनुभयो।

---

क्रिकेट - तेस्रो T20 - भारत-वेस्ट इन्डिज

पुरुष क्रिकेटमा, भारतले भोलि इन्दौरको होल्कर स्टेडियममा वेस्ट इन्डिजको सामना गर्नेछ। मैच साँझ 7 बजे शुरु हुनेछ ।

गएराति राँचीमा भएको दोस्रो T20 मा वेस्ट इन्डिजले भारतलाई 6 विकेटले पराजित गरेपछि पाँच खेलको शृङ्खला 1-1 को बराबरीमा पुगेको छ।

---

प्रधानमन्त्री - महालया

प्रधानमन्त्री नरेन्द्र मोदीले महालयाको अवसरमा देशवासीलाई शुभकामना व्यक्त गर्नुभएको छ। Social mediaमा गरिएको एक पोस्टमार्फत उहाँले माता दुर्गाको आशीर्वादले समाजमा खुशी, करुणा र आशाको सञ्चार गरोस् भन्ने कामना गर्नुभयो। साथै, उहाँले सर्वत्र शान्ति र समृद्धिको कामना गर्नुभयो ।

केन्द्रीय गृहमन्त्री अमित शाहले पनि यस अवसरमा देशवासीलाई शुभकामना दिनुभयो। उहाँले महालयाले पितृपक्षको समाप्ति र देवीपक्षको शुरुवातको सङ्केत तथा माता दुर्गाको आगमनको घोषणा गर्ने बताउनुभयो। देवीको आशीर्वादले सबैको जीवनमा अपार आनन्द, खुशी र समृद्धि ल्याओस् भन्ने श्री शाहले कामना गर्नुभयो।

---

प्रधानमन्त्री - 25 वर्ष - जन धन योजना

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवामा 25 वर्ष पूरा गर्नुभएको छ; यो यात्रा 'जन सेवाबाट देश सेवा' को मन्त्र र निरन्तर जारी रहेको अटुट प्रतिबद्धताद्वारा निर्देशित छ। सेवा र सुशासनको यसै दृष्टिकोणबाट प्रेरित भई, सरकार सन् 2047 सम्म 'विकसित भारत' को लक्ष्य हासिल गर्न निरन्तर लागिपरेको छ। समावेशी विकास र सामाजिक सशक्तीकरणमार्फत यस समर्पणले मानिसहरूको जीवनमा परिवर्तन ल्याइरहेको छ। आजको हाम्रो विशेष श्रृङ्खलामा, हामी 'प्रधानमन्त्री जन धन योजना' जस्ता पहलहरूमार्फत यो दृष्टिकोण कसरी व्यवहारमा रूपान्तरण भएको छ भन्ने एउटा उदाहरण प्रस्तुत गर्दछौं

---

'सन्डेज अन साइकल' को 94औं संस्करण

'फिट इन्डिया सन्डेज अन साइकल' को 94औं संस्करण भोलि वाराणसीमा आयोजना हुँदैछ। यो कार्यक्रम नमो घाटदेखि सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयको दीक्षा मण्डपसम्मको मार्गमा सञ्चालन हुनेछ। युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मांडविया यस कार्यक्रममा सहभागी हुनुहुनेछ। यो पहल 'नशा मुक्त युवा, विकसित भारत' भन्ने नारामा केन्द्रित छ। सक्रिय जीवनशैलीलाई प्रवर्धन गर्न तथा युवाहरूलाई नशालु पदार्थको दुर्व्यसनबाट टाढा रहन प्रोत्साहित गर्न यस कार्यक्रमले युवाहरू, फिटनेस प्रेमीहरू, सर्वसाधारण नागरिक र खेलकुदका हस्तीहरूलाई एकै ठाउँमा ल्याउनेछ।

---

दिल्ली प्रहरी - विरोध प्रदर्शनको तयारी

आज जन्तर मन्तरमा CJP द्वारा गरिएको विरोध प्रदर्शनको आह्वानलाई मध्यनजर गर्दै, सार्वजनिक सुरक्षा सुनिश्चित गर्न दिल्ली प्रहरीले नयाँ दिल्ली क्षेत्रमा व्यापक सुरक्षा व्यवस्था मिलाएको छ। नयाँ दिल्ली जिल्लाका विभिन्न जाँच चौकीहरूमा प्रहरी कर्मचारीहरू खटाइएको छ। सञ्चारकर्मीहरूसँग कुरा गर्दै दिल्ली प्रहरीका DCP कुमार अभिषेकले उक्त क्षेत्रमा शान्ति-व्यवस्थामा खलल नपरोस् भन्ने सुनिश्चित गर्न व्यापक प्रबन्ध गरिएको बताए। उनले नयाँ दिल्ली क्षेत्रमा पूर्व-सावधानी स्वरूप जाँचको व्यवस्था लागू गरिएको जानकारी दिए।

DCP ले आजको विरोध प्रदर्शनमा सहभागी हुने योजना बनाइरहेका केही व्यक्तिहरूलाई नियन्त्रणमा लिइएको पनि बताए।

---

विकल्प शुक्ला

आकाशवाणी, रायपुरका उप-निर्देशक विकल्प शुक्लाको आज दिउँसो हृदयघातका कारण निधन भएको छ। भारतीय सूचना सेवाका एक समर्पित अधिकारी, श्री शुक्ला छत्तीसगढमा सार्वजनिक प्रसारणको एक प्रमुख आधारस्तम्भ हुनुहुन्थ्यो। उहाँ समाचार सञ्चालन र रिपोर्टिङ्मा पुऱ्याउनुभएको असाधारण योगदानका लागि परिचित हुनुहुन्थ्यो। आकाशवाणी परिवार उहाँको शोकाकुल परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछ।

---

अन्त्यमा यस बुलेटिन को प्रमुख समाचार पुन एकपल्ट

1. आज जन्तर मन्तरमा CJP द्वारा गरिएको विरोध प्रदर्शनको आह्वानलाई मध्यनजर गर्दै, सार्वजनिक सुरक्षा सुनिश्चित गर्न दिल्ली प्रहरीले नयाँ दिल्ली क्षेत्रमा व्यापक सुरक्षा व्यवस्था मिलाएको छ।

2. रक्षामन्त्री राजनाथ सिंहले आधुनिक युद्धकला र विश्व सुरक्षा व्यवस्थामा आइरहेका ठूला परिवर्तनहरूका बीच, भारतले आफ्नो छिमेक र त्यसभन्दा बाहिरका घटनाक्रम तथा तिनका रणनीतिक प्रभावहरूको नजिकबाट निगरानी गरिरहेको आज बताउनुभयो ।

3. प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय गृहमन्त्री अमित शाहले महालयाको अवसरमा देशवासीलाई शुभकामना व्यक्त गर्नुभएको छ।

4. पुरुष क्रिकेटमा, भारतले भोलि इन्दौरको होल्कर स्टेडियममा वेस्ट इन्डिजको सामना गर्नेछ। मैच साँझ 7 बजे शुरु हुनेछ ।

---